# औरही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी
मधेश प्रदेश, नेपाल

www.aurahimunmahottari.gov.np
aurahimunmahottari@gmail.com

प.सं.:२०८२/८३
च.नं.:6१२

मिति २०८२/०९/२०

**विषय :- सिटरोल दर्ता सम्बन्धि सूचना।**

श्री स्थानीय सेवाका सम्पूर्ण स्थायी कर्मचारीहरु,
औरही नगरपालिका, महोत्तरी।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरधामको च.नं.६२१, मिति २०८२/०९/११ गतेको पत्रानुसार प्रदेश तथा स्थानीय सेवा ( अन्य सेवा समेत) को कर्मचारी सूचना प्रणाली (PIS Portal) मा विवरण अध्यावधिक गर्न, सिटरोल समेत दर्ता गर्न र व्यक्तिगत संकेत नं. प्राप्त गर्नको लागि २०८२ पुष ३० गते भित्र तपसिल बमोजिमको कागजातहरु संलग्न गरी आफ्नो व्यक्तिगत फाईल यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ।

तपसिलः

१. सिट रोल फारम ३ (तीन) प्रति।
२. कार्यालय प्रमुख वा अधिकृत स्तरका कर्मचारीबाट प्रमाणित निम्न कागजातहरु।

- शुरुको स्थायी नियुक्ति देखी हालसम्मको सम्पूर्ण कागजातहरुको १/१ प्रति प्रमाणित प्रतिलिपि।
- समायोजन ऐन अनुसार समायोजन भएको पत्र।
- शपथग्रहणको प्रमाणपत्र र निरोगिताको प्रमाणपत्र।
- नेपाली नागरिकताको प्रमाणपत्र।
- पद संग सम्बन्धित सबै तहका शैक्षिक योग्यता तथा तालिम सम्वन्धी प्रमाणपत्रहरु।
- नागरिकता भन्दा फरक स्थायी ठेगाना सिट रोलमा उल्लेख गरेकोमा बसाई सराई प्रमाणपत्र वा महिलाको हकमा बिवाहदर्ता प्रमाणपत्र।
- प्रमाण पत्रहरुमा नाम, थर, ठेगाना र जन्ममिति फरक परेमा सम्बन्धित स्थानीय निकाय वा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र।

..................
निलाम्बर मिश्र
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत